नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हेभी ईक्वीप्मेन्ट डिभिजन,नेपालगंज

# लिलाम सम्बन्धी सूचना

बोलपत्र सूचना नं. HEDNPJ/AUCTION/01/2078-079

**प्रथम पटक सूचना टांस मिति:२०७८/०९/०९**

१. यस डिभिजनमा रहेका पुराना लिलामी अवस्थाका निम्न सामानहरु लिलाम विकी गर्नका लागि प्रथम पटक सुचना टांस गरिएको मितिले ७ दिन भित्र ईच्छुक खरिदकर्ताहरुबाट सिलवन्दी बोलपत्र आव्हान गरिन्छ ।

लिलाम गर्ने सामानहरुको संक्षिप्त विवरण

| सि.नं. | सामानको विवरण | परिमाण | न्युनतम् मूल्य (भ्याटबाहेक) |
|---|---|---|---|
| १. | पुराना टुटफुट भएका टुल्स, पुराना काम नलाग्ने फर्निचर ,कार्यालय सामान तथा अन्य सामानहरु | एक लोट | सि.नं.१ देखि ४ सम्मका सामानहरुको न्यूनतम मूल्य रु.१,१४,६६३/(एक लाख चौध हजार छ सय त्रिसठठी) |
| २. | विभिन्न साईजका प्रयोगमा नआउने पुराना टायरहरु | | |
| ३. | विभिन्न साईजका प्रयोगमा नआउने पुराना ब्याट्रीहरु | १८ थान | |
| ४. | पुराना पुन प्रयोग हुन नसक्ने विभिन्न स्क्रेप सामानहरु | ११ थान<br>अनुमानित ८००। के.जी. | |

२. बोलपत्र फाराम पाउने स्थान:- श्री सडक विभाग,. हे.ई.डि. नेपालगंज ।
३. बोलपत्र फाराम दस्तुर :- रु.१०००/- (फिर्ता नहुने) बोलपत्र खरिद गर्न लाग्ने राजस्व दस्तुर राष्ट्रिय वाणिज्य बैंक लिमिटेड धम्बोजी ,नेपालगंज शाखामा रहेको राजस्व खाता नं. १०००२०००१००००,राजस्व शिर्षक नं.१४२२९, हे.ई.डि. नेपालगंजको कार्यालय कोड नं. ३३७०१५७०४ मा बुझाई वापत प्राप्त सक्कलै बैक भौचर निवेदनसाथ तथा बुदा नं. १० मा उल्लेख गरेअनुसारका कागजात पेश गरिसकेपछि बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।
४. बोलपत्र खरिद अन्तिम मिति :- प्रथम पटक सूचना टांस गरिएको मितिले ७औं दिन कार्यालय समय सम्म
५. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति:- प्रथम पटक सुचना सूचना टांस गरिएको मितिले ८ औं दिनको १२.०० बजेसम्म ।
६. बोलपत्र पेश गर्ने स्थान:-श्री सडक विभाग,. हे.ई.डि. नेपालगंज ।
७. बोलपत्र खोलिने समय, मिति र स्थान:- प्रथम पटक सुचना सूचना टांस गरिएको मितिले ८ औं दिनको दिउंसो २.०० बजे, श्री श्री सडक विभाग,. हे.ई.डि. नेपालगंज ।
८. धरौटी रकम :- कबोल अंकको १०% (भ्याट सहितको)
९. धरौटी जम्मा गर्ने बैंकको नाम, खाता नं. र कार्यालय कोड नं. :-बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, बांकेको राष्ट्र वाणिज्य बैंक लिमिटेड, धम्बोजी ,नेपालगंज शाखामा रहेको धरौटी खाता नं. ४१३०१००१०२०३००००, हे.ई.डि. नेपालगंजको कार्यालय कोड नं.३३७०१५७०४ मा दाखिला गरेको सक्कल बैक भौचर वा मान्यता प्राप्त वैकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा ७५ दिन(बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी) म्याद भएको बैक जमानी पत्र (unconditional Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको बैक भौचर, रसिद वा बैक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ।
१०. बोलपत्र खरिद गर्न इच्छुक व्यक्तिले वा संस्थाले पेश गर्नु पर्ने कागजातहरु:-
    (क) फर्म भए नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपि
    (ख) आ.व. २०७७/०७८ सम्मको कर चुक्ता वा म्याद थपको प्रमाणित प्रतिलिपि
    (ग) व्यक्ति भए नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
११.बोलपत्र दाखिला गर्ने दिन वा खोलिने दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको १२.०० बजेसम्म दाखिला गर्ने र २.०० बजे खोलिने छ ।
१२.बोलपत्र फाराम सिलबन्दी नभएको, बोलपत्र दाताको सही छाप नभएको, म्याद भित्र दाखिला नभएको, तोकिएको धरौटी रकम जम्मा नभएको ईत्यादि कुनै कारणबाट रित नपुगेको बोलपत्र माथि कारबाही हुने छैन ।
१३.बोलपत्र स्वीकृत वा रद्द गर्ने सम्पूर्ण अधिकार यस डिभिजनमा निहित रहनेछ ।
१४.बोल कबोल गरेको कूल जम्मा रकममा मूल्य अभिबृद्धि कर १३ प्रतिशत (भ्याट) अतिरिक्त लाग्नेछ ।
१५.विस्तृत विवरण र लिलाम हुने सामानहरु हेर्नका लागि कार्यालय समय भित्र यस डिभिजनमा सम्पर्क राख्न सकिने छ ।

डिभिजन प्रमुख

Scanned with CamScanner